नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति: २०७८/०८/०२

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशनद्वारा आयोजित र पूर्व घोषित शान्तिपूर्ण धर्ना कार्यक्रममा आज मिति २०७८।८।२ मा सर्वोच्च अदालत परिसर भित्र दंगा प्रहरीद्वारा बर्वरतापूर्ण आक्रमण भएको छ ।

भ्रष्टाचार, असक्षम र नैतिकता विहिन कार्यमा संलग्न प्रधान न्यायाधीशको राजीनामा माग गर्दै भईरहेको शान्तिपूर्ण पूर्व निर्धारित कार्यक्रममा यस अधि नै दंगा प्रहरी प्रवेश गराइएकोमा आज पहिलो पटक दंगा प्रहरीका साथ एस.एल.आर. जस्तो युद्धको बेलामा प्रयोग गरिने हतियारधारी प्रहरी प्रवेश गराएर न्यायको मन्दिरलाई युद्धमैदान बनाउने कार्यको हामी घोर भर्त्सना र निन्दा गर्दछौं। अदालत परिसरलाई युद्ध मैदान वनाउन अनुमती दिने प्रधान न्यायाधीश र अदालत प्रशासनको यस्तो हर्कतले हामीलाई स्तब्ध बनाएको छ । अदालत युद्धमैदानमा परिणत भएको यो अवस्थामा न्याय प्रशासन र न्याय संपादन सुसञ्चालन गर्न सकिने कल्पना पनि गर्न सकिदैन ।

आजको शान्तिपूर्ण प्रदर्शनमा दंगा प्रहरीको आक्रमणबाट ने.बा.ए.का अध्यक्ष वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ सामान्य घाइते हुनु भएको छ भने ने.वा.ए.का केन्द्रीय सदस्य अधिवक्ता श्री प्रकाश महर्जन टाउकोमा गंभिर चोट लागि अस्पताल भर्ना हुनु भएको छ। सोही क्रममा वरिष्ठ अधिवक्ता श्री सविता भण्डारी बराल, सर्वोच्च बार एशोसिएशनका सचिव अधिवक्ता श्री ऋषिराम घिमिरे, अधिवक्ताहरु कपिलचन्द्र पोखरेल, युवराज बन्जाडे, नितेश श्रेष्ठ, रमणलाल कर्ण तथा उच्च अदालत बार पाटनका सदस्य अधिवक्ता श्री गोपाल सापकोटा लगायत धेरै कानून व्यवसायीहरु घाइते हुनु भएको छ ।

आजको बर्वरतापूर्ण आक्रमणको अनुसन्धान र आगामी कार्यक्रमहरुमा अनुगमन गर्न हामी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै मानवअधिकार सम्बन्धी संघ संस्थाहरुलाई आह्वान गर्दछौं । साथै भोलि देखि नै अदालत परिसरबाट दंगा प्रहरी हटाउन गृह प्रशासन र अदालत प्रशासनको गंभिर ध्यानाकर्षण गराउँदछौं । साथै बिचौलिया वा भिजिलान्तेहरुबाट कुनै पनि कानून व्यवसायी माथि आक्रमण तथा असुरक्षाको अवस्था उत्पन्न भएमा त्यसको सम्पूर्ण जिम्मेवारी प्रधान न्यायाधीश, अदालत प्रशासन र गृह प्रशासनले लिनुपर्ने कुराको चेतावनी पनि दिन चाहान्छौं । आजको घटनाको विरुद्धमा भोलि विहान १०:०० बजे सर्वोच्च अदालत परिसरमा भेला भै थप सशक्त विरोधका कार्यक्रम सञ्चालन गर्ने जानकारी गराउन चाहान्छौं ।

आजको विरोध सभाको समापन पश्चात ३-४ जना विचौलिया र भ्रष्टका मतियारहरु नेपाल बार एशोसिएशनको परिसरमा अनधिकृत रुपमा प्रवेश गरी कानून व्यवसायीलाई अशिष्ट भाषा प्रयोग गरी हुलहुज्जत समेत गर्ने प्रयास भएको घटनाको समेत निन्दा गर्दछौं र कुनै पनि बहाना र शर्तमा प्रधान न्यायाधीशको राजीनामा नभई हाम्रो आन्दोलन नरोकिने पुनः स्पष्ट गर्न चाहान्छौं । जुनसुकै अवस्थामा हुने भ्रष्ट र विचौलियाको हर्कतको विरुद्धमा एकाकार भई नेबाएको अभियानमा सहभागी हुन नेवाए समस्त कानून व्यवसायीलाई अनुरोध गर्दछ । साथै यो पवित्र उदेश्य लिएर नेबाएले सञ्चालन गरेको अभियानको कारण असुविधामा पर्नु भएका सेवाग्राहीहरुलाई धैर्य धारण गर्न र हाम्रो अभियान प्रति ऐक्यवद्धता जनाउने सम्पूर्ण नागरिक समाज, पेशाकर्मी लगायत सवैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ
अध्यक्ष